# बगनासकाली गाउँपालिका
# शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सञ्चालन कार्यविधि, २०७७

स्वीकृत मिति : २०७७।०९।२८

**प्रस्तावना :**

नेपालमा विद्यमान बेरोजगारी तथा शिक्षित बेरोजगार युवाहरुलाई कृषि पेशामा आकर्षित गराई शैक्षिक प्रमाणपत्र धितो राखेर बिना ब्याज ऋृण प्रवाह गरी कृषि क्षेत्रलाई व्यवसायिक, आधुनिकीकरण गर्ने उद्देश्यले बगनासकाली गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (क) यस कार्यविधीको नाम "शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सञ्चालन कार्यविधि, २०७७" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यालय" भन्नाले बगानसकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

(ख) "कृषक, कृषक समूह, सहकारी र फर्म" भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भएका कृषि व्यवसाय सञ्चालन गरिरहेका वा गर्ने व्यक्ति वा संस्थालाई सम्झनुपर्छ ।

(ग) "कृषि तथा पशुजन्य उत्पादन" भन्नाले कृषि क्षेत्रबाट उत्पादित खाद्यान्न, तरकारी, फलफूल, तेलहन, दलहन, मसला बाली, पुष्प, च्याउ, मह, दूध, अण्डा, ऊन आदि बस्तुलाई सम्झनुपर्छ ।

(घ) "शिक्षित बरोजगार" भन्नाले विश्वविद्यालय, बोर्ड वा सो सरह अन्तर्गतका शैक्षिक संस्थाबाट शैक्षिक योग्यता हाँसिल गरी नेपाल सरकारको प्रचलित कानुन बमोजिम बेराजगार लाई सम्झनुपर्छ ।

(ङ) "कार्यक्रम व्यवस्थापन समिति" भन्नाले दफा ६ बमोजिमको समिति सम्झनुपर्छ ।

(च) "द्विपक्षीय सम्झौता" भन्नाले सम्बन्धित कार्यालय र कर्जा प्राप्त गर्ने व्यक्ति बीच गरिएको सम्झौता सम्झनुपर्छ ।

३. **कार्यविधिको उद्देश्य** : प्रमाणपत्र धितो राखेर बिना ब्याज ऋृण प्रवाह गर्ने कार्यक्रम सञ्चालन प्रक्रियालाई पारदर्शी, सरल र सहज बनाउने ।

४. **कार्यक्रम सञ्चालनको उद्देश्य** : यस कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम हुनेछन् :

(क) शिक्षित बेरोजगार युवालाई कृषि पेशामा आकर्षित गर्ने तथा शैक्षिक प्रमाणपत्र धितो राखेर बिना ब्याज ऋृण उपलब्ध गराउने ।

(ख) कृषि क्षेत्रको आधुनिकीकरण र व्यवसायिकरणमा टेवा पुऱ्याउने ।

(ग) कृषिलाई उद्यमशीलता तिर जोड्ने र कृषि क्षेत्रमा पुँजी लगानी निर्माण बृद्धि गर्न लागनी मैत्री वातारण निर्माण गर्ने ।

## परिच्छेद-२

## कर्जा प्रवाह कार्यक्रम सञ्चालन

**५. कार्यक्रम सञ्चालन प्रक्रिया :** (१) बार्षिक स्वीकृत कार्यक्रममा व्यवस्था भए बमोजिम कार्यालयले अनुसूची-१ बमोजिमको ढाँचामा प्रस्ताव आव्हनको १५ दिने सूचना प्रकाशन गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

(२) कार्यक्रम सरल र सहज तरिकाले सञ्चालन गर्न कार्यालयले फर्मेट तथा अन्य सहयोगी सामग्रीहरुमा आवश्यक समन्वय गर्नेछ ।

(३) स्वीकृत कार्यक्रम बमोजिम कृषि व्यवसाय सञ्चालन गर्न चाहने स्नातक तह उत्तीर्ण बेरोजगार युवाहरु यस कार्यक्रममा आवेदन दिन सक्नेछन् ।

(४) कार्यक्रममा सहभागी हुन इच्छुक योग्यता पुगेका व्यक्तिहरुले अनुसूची -२ बमोजिमको ढाँचामा निवेदन, अनुसूची -३ बमोजिमको व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्नु पर्नेछ । यसरी प्रस्ताव पेश गर्दा अनुसूची -४ बमोजिम वडा कृषि प्राविधिकले तयार गरी वडा सचिवले प्रमाणित गरेको सिफारिस पत्र अनिवार्य रुपले पेश गर्नु पर्नेछ ।

(५) आवेदन दिन इच्छुक व्यक्तिहरुले गाउँपालिकाको कृषि प्राविधिकसँग आवश्यक समन्वयका लागि सहयोग माग्न सक्नेछन् ।

(६) कार्यक्रम कार्यान्वयन तथा अन्य प्राविधिक सेवाका लागि व्यवसायको प्रकृति अनुसार गाउँपालिकामा कार्यरत कृषि प्राविधिक मार्फत सहजिकरण गरिनेछ ।

(७) तोकिएको मापदण्ड पुर्‍याएर रीत पूर्वक प्राप्त भएका आवेदन उपर दफा ६ बमोजिम गठित कार्यक्रम व्यवस्थापन समितिले प्रस्ताव स्वीकृत गरी छनौट गर्नेछ ।

(८) छनौट भएका आवेदकहरुलाई सम्झौता गर्नका लागि ७ दिनको समय दिएर सूचना प्रकाशन गरिनेछ र अनुसूची-५ बमोजिमको ढाँचामा आवेदक र कार्यालयले सम्झौता गर्नेछ ।

(९) यसरी छनौट भएका आवेदकहरुले कार्ययोजना बमोजिम उल्लेख गरिएका क्षेत्र ( अनुसूची -६ बमोजिम) मा मात्र सो ऋण लगानी गर्नुपर्नेछ ।

(१०) ऋणमा उपलब्ध गराइने रकम र सीमा अवधी देहाय बमोजिम हुनेछ :

| क.स. | ऋणको रकम | अवधी | कैफियत |
|---|---|---|---|
| १ | ५० हजार देखि १ लाख सम्म | २ बर्ष | ऋणमा उपलब्ध गराइने रकम कार्यक्रम व्यवस्थापन समितिको निर्णय बमोजिम हुनेछ । |
| २ | १ लाख देखि २ लाख सम्म | २ बर्ष | |
| ३ | २ लाख देखि ५ लाख सम्म | २ बर्ष | |

१) यसरी ऋण प्राप्त गरी सञ्चालन गरिने आयोजनाहरुले अनिवार्य रुपले बिमा गरी विवरण कृषि विकास शाखामा पेश गर्नुपर्नेछ ।

(१२) यस कार्यक्रमका लागि प्राप्त निवेदनहरु उपर छानविन गरी समितिले बजेटको परिधी भित्र रही ऋण रकम स्वीकृत गर्नेछ ।

## परिच्छेद-३
## समिति व्यवस्था सम्बन्धी

६. **कार्यक्रम व्यवस्थापन समिति** : शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सञ्चालनका लागि तपशिल अनुसारको एक समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत, बगनासकाली गाउँपालिका - संयोजक

(ख) शाखा प्रमुख, पशु सेवा शाखा बगनासकाली गाउँपालिका - सदस्य

(ग) शाखा प्रमुख, योजना शाखा बगनासकाली गाउँपालिका - सदस्य

(घ) शाखा प्रमुख, आर्थिक प्रशासन शाखा बगनासकाली गाउँपालिका - सदस्य

(ङ) शाखा प्रमुख, कृषि विकास शाखा बगनासकाली गाउँपालिका - सदस्य सचिव

आवश्यकता अनुसार ३ जनासम्म आमन्त्रण गर्न सकिने ।

७. **कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार** : कार्यक्रम व्यवस्थापनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) कार्यक्रम सरल र सहज तरिकाले सञ्चालन गर्न कार्यालयले फर्मेट तथा अन्य सहयोगी सामग्रीहरुमा आवश्यक समन्वय गर्नेछ ।

(२) शैक्षिक कर्जा प्रवाह गर्न सूचना प्रवाह गर्ने, आएका प्रस्ताव उपर मूल्याङ्कनका आधारहरु तय गरी प्रस्ताव छनौट, कर्जाको सिमा र कर्जाको अवधी तोक्ने ।

(३) कार्यक्रमसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

(४) कार्यक्रम सञ्चालनका लागि अन्य आवश्यक निर्णयहरु गर्ने ।

(५) कोषको रकम परिचालन सम्बन्धि अनुगमन गर्ने ।

(६) कोषको प्रभावकारीता हेरी कोषमा आवश्यक थप रकम बिनियोजनका लागि सम्बन्धित निकायमा सुझाव तथा परामर्श दिने ।

## परिच्छेद-४
## कर्जा भुक्तानी प्रक्रिया

८. **कर्जा भुक्तानी सम्बन्धि व्यवस्था** : (१) कार्यालयले शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सञ्चालनका लागि एक छुट्टै कोष निर्माण गर्नेछ र सो कोषमा अग्रीम रुपमा प्रवाह गरिने कर्जाको रकम जम्मा गरिनेछ । आवश्यकता अनुसार सो कोषमा बजेट थप गर्न सकिनेछ ।

(२) शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रममा आएका प्रस्तावहरु छनौट भई सम्झौता भए पश्चात सम्झौता बमोजिम अनुदानग्राहीको बैंक खातामा कर्जा रकम उपलब्ध गराइनेछ ।

(३) कर्जा रकम निवेदन, नेपाली नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताका प्रमाण पत्रको सक्कल प्रति, वडा कार्यालयको सिफारिस, वडा प्राविधिकको सिफारिस, फर्म/समूह भए दर्ताको प्रमाण पत्रको प्रतिलिपी नभए दर्ता गर्ने प्रतिवद्धता पत्र, कर चुक्ता प्रमाणपत्र, नविकरण (दर्ता भए पात्र), सम्झौता पत्र आदि पेश गरे पश्चात ७ दिन भित्र रकम भुक्तानी गरिनेछ ।

(४) शैक्षिक प्रमाण पत्र धितो राखेर प्रवाह गरिने कर्जामा कुनै प्रकारको ब्याज लिइने छैन ।

(५) कर्जाको अवधी पुरा भए पश्चात अनुदानग्राहीले कार्यालयको बैंक खातामा कर्जा वापत लिएको रकम बैंक दाखिला गर्नुपर्नेछ र सो को सक्कल भौचर कार्यालयमा बुझाए पछि कार्यालयले धितो राखेको सक्कल प्रमाण पत्र सम्बन्धित व्यक्तिलाई कार्यालयले फिर्ता दिनेछ ।

## परिच्छेद-५
## अनुगमन र समन्वय

९. **अनुगमन** : (१) अनुदानमा कर्जा प्राप्त गर्ने व्यक्तिको कृषि उद्यमको कार्यालयले जहिले पनि अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख तथा प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१०. **समन्वय** : कार्यालयले कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न सरोकारवाला, नेपाल सरकारका निकाय, प्रदेश सरकारका निकाय बैंक तथा वित्तीय संस्था, बिमा कम्पनी लगायत अन्यसँग समन्वय गर्नेछ ।

## परिच्छेद-६
## विविध

११. **कारवाहीको व्यवस्था** : (१) कार्यक्रम सञ्चालन गर्दा कार्यालय र अनुदानग्राहीले दिएको निर्देशन तथा प्रचलित कानूनको पालना गर्नु पर्नेछ । सम्झौता भए बमोजिम कार्य नभएको खण्डमा प्रचलित कानून अनुसार कारवाही हुनेछ ।

(२) कार्ययोजना अनुसार सम्झौता हुनेछ सो बमोजिम अनुदानग्राहीले काम नगरेको पाइएमा सम्झौतारद्ध गर्नेछ ।

(३) सम्झौता रद्ध भएको खण्डमा अनुदानग्राहीले कर्जा रकम फिर्ता गर्नु पर्नेछ । सो को निर्णय र कारवाही अधिकार कार्यक्रम व्यवस्थापन समितिमा निहित रहनेछ ।

(४) यस कार्यविधि बमोजिम प्रवाह गरिने कर्जा प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको, उद्देश्य अनुरुप कार्य नगरेको, कर्जा वापत रकम प्राप्त गरेका रकम दुरुपयोग गरेको प्रमाणित भएमा कार्यालयले त्यस्ता व्यक्ति/समूह/फर्मलाई कालो सूचीमा राखी कार्यालयबाट प्रदान गर्ने अन्य सेवा सुविधाबाट समेत बञ्चित गर्न सक्नेछ ।

१२. **अनुसूची हेरफेर** : यस कार्यविधिको अनुसूचीमा कार्यालयले आवश्यकता अनुसार हेरफेर गर्न सक्नेछ ।

१३. **कार्यविधि संशोधन** : यस कार्यविधिमा आवश्यकता अनुसार कृषि विकास शाखाको सिफारिसमा कार्यक्रम व्यवस्थापन समितिको सिफारिसमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

## अनुसूची - १

(दफा ५ को उप दफा (१) सँग सम्बन्धित)

मिति :

**शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सम्बन्धि प्रस्ताव आव्हानको सूचना ।**

बगनासकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चिर्तुङ्गधारा, पाल्पाको स्वीकृत कार्यक्रम अन्तर्गत **शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम** प्रारम्भ भई यस बगनासकाली गाउँपालिका क्षेत्र भित्रका कृषक, समूह, फर्मबाट **'शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सञ्चालन कार्यविधि, २०७७'** बमोजिम कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान गरिएको छ । थप जानकारीका लागि कृषि विकास शाखा र वडा कृषि प्राविधिकहरुसँग सम्पर्क राख्न हुन अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची - २

(दफा ५ को उप दफा (४) सँग सम्बन्धित)

**आवेदन फारम तथा संलग्न गर्नुपर्ने कागजातहरु**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
बगनासकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मिति :

चिर्तुङ्गधारा, पाल्पा

**बिषय : शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सम्बन्धि प्रस्ताव पेश गरिएको बारे ।**

प्रस्तुत बिषयमा त्यस कार्यालयबाट मिति २०...../..../.... गते प्रकाशित सूचना बमोजिम प्रदान गरिने शैक्षिक प्रमाणपत्र धितो राखेर प्रदान गरिने कर्जा कार्यक्रममा लागि तपशिल बमोजिमका कागजातहरु यसै निवेदन साथ संलग्न राखी यो निवेदन पेश गर्दछु ।

**तपशिल**

१. निवेदन

२. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

३. शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपी

४. वडा कार्यालयको सिफारिस

५. वडा प्राविधिकको सिफारिस

६. फर्म/समूह भए दर्ताको प्रमाण पत्रको प्रतिलिपी नभए दर्ता गर्ने प्रतिवद्धता पत्र

७. कर चुक्ता प्रमाणपत्र, नविकरण (दर्ता भए पात्र)

६. अनुसूची बमोजिमको कार्ययोजना

निवेदक

नाम :

दस्तखत :

ठेगाना :

सम्पर्क नं. :

फर्म/समूहको नाम :

**अनुसूची - ३**

(दफा ५ को उप दफा (४) सँग सम्बन्धित)

**व्यवसायिक योजनाको ढाँचा**

१. प्रस्तावकको नाम :

२. कार्यक्रम सञ्चालन गर्ने ठाउँको ठेगाना : टोल :

३. सञ्चालन गर्ने उद्यमको प्रकार :

४. लक्षित वर्ग : हो/होईन हो भने खुलाउनुहोस् :

५. प्रस्तावित योजना :

६. प्रस्तावित योजनाको मुख्य उद्देश्य :

७. प्रस्तावित योजना सम्बन्धि अनुभव : भएको/नभएको यदि भएको भए खुलाउनुहोस् :

८. सञ्चालित आयोजनाको क्षेत्रफल/संख्या :

९. हालको उत्पादकत्व : ..................(भए मात्र उल्लेख गर्ने बार्षिक आम्दानी :

१०. आयोजना पश्चात उत्पादकत्व : बार्षिक आम्दानी :

| क्र. स | क्रियाकलाप | इकाई | परिमाण | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | (उद्यमसँग सम्बन्धित पूर्वाधार मात्र निर्माण गर्नु पर्नेछ ।) | | | | | |
| १.१ | | | | | | | |
| १.२ | | | | | | | |
| १.३ | | | | | | | |
| २ | औजार उपकरणहरु | (औजार उपकरणहरुको स्पेशिफिकेशन सहित सामेल गर्नु पर्नेछ ।) | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| २.३ | | | | | | | |
| २.४ | | | | | | | |
| २.५ | | | | | | | |
| २.६ | | | | | | | |
| २.७ | | | | | | | |
| ३ | उत्पादन सामग्रीहरु | (मल, बीउ, स-साना औजार, दाना, चल्ला, पाठा पाठी आदि समावेश गर्न सकिनेछ) | | | | | |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |
| ३.४ | | | | | | | |
| ३.५ | | | | | | | |
| ३.६ | | | | | | | |

११. व्यवसायिक योजना सञ्चालनका लागि गरिने क्रियाकलाप तथा अनुमानित लागतको विवरण :

१२. कार्यक्रमबाट हुने सकारात्मक प्रभाव :

- आय आर्जन : प्रति बर्ष
- रोजगारी सिर्जना : जना

१३. कार्यक्रम सञ्चालन हुने स्थलमा सिँचाईको व्यवस्था : छ/छैन छ भने सिँचाईको किसिम :

१४. कार्यक्रम सञ्चालन हुन स्थानमा सडक : छ/छैन छ भने सडकको किसिम :

१५. कार्यक्रम सञ्चालन हुन स्थानमा विद्युतको व्यवस्था : छ/छैन

१६. कार्यक्रम सम्बन्धि संक्षिप्त विवरण

(क) आवश्यकता र औचित्य

(ख) कार्यक्रम सञ्चालन हुने स्थान र क्षेत्रफल

(ग) कार्यक्रम सञ्चालन भए पश्चात उत्पादन हुने वस्तुको सूची

(घ) कार्यक्रम सञ्चालन गरे पश्चात उत्पादित वस्तुको बजारीकरण

माथि उल्लिखत विवरणहरु जाने बुझें सम्म सहि छ यदि झुटो ठहरिएमा निवेदन स्वतः खारेज भई कानून बमोजिम सहुँला बुझाउँला ।

| साक्षी | निवेदक |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| सम्पर्क नं. | सम्पर्क नं. |
| मिति : | मिति : |

## अनुसूची - ४

(दफा ५ को उप दफा (४) सँग सम्बन्धित)

**वडा कार्यालयले लेख्ने सिफारिस-पत्रको ढाँचा**

बगनासकाली गाउँपालिका

...... नं. वडा कार्यालय

.......................................

च नं.

मिति :

पत्र संख्या :

**बिषय : शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रमका लागि सिफारिस ।**

बगनासकाली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्या ।

प्रस्तुत बिषयमा पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वडा नं. .... ..............टोल बस्ने ....................... को नाती .......................... को छोरा ............................. को श्रीमान्/श्रीमती ................................ ना.प्र.नं. .................. बर्षका .................................... ले ............................ सम्मको योग्यता हाँसिल गरी शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रमका लागि आवेदन दिन योग्य रहेकाले निजले यस कार्यालयमा पेश रु. ............................अक्षेरुपी ............................ बमोजिमको व्यवसायिक योजना पेश गरेको आधारमा रु. ......................... शैक्षिक प्रमाण पत्र धितो राखेर कर्जा उपलब्ध गराउनको लागि स्वीकृती सहित सिफारिस गरिन्छ । निजले तपशिल बमोजिमको व्यवसायिक योजना समेत पेश गरेको जानकारीको लागि अनुरोध छ ।

तपशिल

<u>तयार गर्ने प्राविधिक</u>
<u>प्रमाणित गर्ने</u>

दस्तखत :

दस्तखत :

नाम : नाम :

पद : पद :

मिति : मिति :

| क्र.स | क्रियाकलाप | इकाई | परिमाण | दर | कुल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | |
| १.१ | | | | | | | |
| २ | औजार उपकरणहरु | | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| ३ | उत्पादन सामग्रीहरु | | | | | | |
| ३.१ | | | | | | | |
| ३.२ | | | | | | | |
| ३.३ | | | | | | | |

## अनुसूची-५

(दफा ५ को उप दफा (८) सँग सम्बन्धित)

## सम्झौता पत्रको ढाँचा

**बगनासकाली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय चिर्तुङ्गधारा, पाल्पा** (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र पाल्पा जिल्ला बगनासकाली गाउँपालिका वडा नं. ..... का श्री .................................(यस पछि दोस्रो पक्ष भनिने) बिच शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सञ्चालन गर्न तपशिलमा उल्लिखित शर्तनामाहरुको अधिनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी आपसमा एक/एक प्रति दियौ लियौ ।

**शर्तनामाहरु :**

१. दोस्रो पक्षले बगनासकाली गाउँपालिकामा शैक्षिक प्रमाण पत्रको सक्कल प्रति प्रथम पक्षलाई बुझाउनु पर्नेछ र पहिलो पक्षले कार्ययोजना अनुसार स्वीकृत कर्जा रकम चेक मार्फत उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले सम्झौता भएको ७ दिन भित्र कार्य योजना अनुसार काम सुरु गर्नु पर्नेछ ।

३. दोस्रो पक्षले शैक्षिक प्रमाण पत्र धितो राखेर प्राप्त गरेको कर्जा वापतको रकमको ब्याज प्रथम पक्षले लिन पाउने छैन ।

४. स्वीकृत कार्ययोजना बमोजिम कार्य सम्पन्न गर्ने सम्पूर्ण जिम्मा दोस्रो पक्षको हुनेछ तर आवश्यक प्राविधिक सेवा टेवाको जिम्मेवारी प्रथम पक्षको हुनेछ ।

५. स्वीकृत कार्ययोजना बमोजिमका कार्य सम्पन्न पश्चात सञ्चालन तथा मर्मत सम्भार लगायतका सम्पूर्ण कार्यहरुको जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

६. कार्यक्रम .... बर्ष सम्म नियमित रुपमा सञ्चालन गर्नु पर्नेछ ।

७. दोस्रो पक्षले कृषि कर्जा जुन प्रयोजनका लागि लिएको हो सो भन्दा बाहेक अन्य प्रयोजनमा कर्जा लगानी गर्न पाउने छैन ।

८. दोस्रो पक्षले सञ्चालित कार्यक्रम लक्ष्य अनुसार सञ्चालन नगरेमा वा दुरुपयोग गरेमा प्रथम पक्षले उपलब्ध गराएको कर्जा रकम प्रचलित कानुन बमोजिम शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम व्यवस्थापन समितिको निर्णय बमोजिम असुल उपर गरिने छ ।

९. दोस्रो पक्षले कार्यक्रम सञ्चालन गरिएको स्थलमा सबैले देख्ने गरी कार्यक्रमको मुख्य विवरण सहितको होर्डिङ्ग बोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१०. दोस्रो पक्षले नियमित रुपमा वडा कृषि प्राविधिकसँग अनुगमन गराई सो को प्रगति विवरण कृषि विकास शाखामा पेश गर्नु पर्नेछ ।

११. दोस्रो पक्षले सम्झौता अनुसारको योजनाको लागि आफ्नै स्रोत बाहेक अन्य निकायबाट सहयोग अनुदान आदि प्राप्त गरेको भए स्पष्ट रुपमा कार्यालयलाई जानकारी गराउनु पर्नेछ ।

१२. प्रथम पक्षको तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण/अनुगमन/तालिम/भ्रमण कार्यमा सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ ।

१३. कार्यक्रम सञ्चालनको क्रममा आउन सक्ने द्विविधाका बिषयमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

१४. अन्य कामकारबाही सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

| | |
|---|---|
| दोश्रो पक्ष | पहिलो पक्ष |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम |
| थर : | |
| ठेगाना : ब.गा.पा. वडा नं. | पद : |
| प्रमुख प्रशासकीय अधिकृत | |
| सम्पर्क नं. | मिति : |

कार्यालयको छाप :

| | |
|---|---|
| साक्षी | साक्षी |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |

इति सम्बत

## अनुसूची-६

(दफा ५ को उप दफा (९) सँग सम्बन्धित)

**शैक्षिक प्रमाणपत्र धितो राखेर कर्जा प्रवाह कार्यक्रम सञ्चालन गरिने क्षेत्रहरु**

(क) तरकारी खेती (ख) मौरीपालन

(ग) च्याउ खेती (घ) फलफूल खेती

(ङ) पशुपन्छी पालन (च) मलखाद तथा कीटनाशक

(छ) सिंचाई (ज) कृषि औजार, बीउविजन

(झ) पशुपन्छीको दाना (ञ) कृषिउपज भण्डारण

(ट) चिया, कफी, अदुवा र फलफूल प्रशोधन

नोट : कार्यक्रम व्यवस्थापन समितिले माथि उल्लिखित क्षेत्रहरुमा आवश्यकता अनुसार थपघट गर्न सक्नेछ ।